# बँदेल/बाढी/पहिरोले क्षति/प्रभावित कृषकहरुलाई राहत कार्यक्रम
# कार्यविधि - २०७८

स्वर्गद्वारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिंग्री, प्यूठान

# बँदेल/बाढी/पहिरोले क्षति/प्रभावित कृषकहरुलाई राहत कार्यक्रम कार्यविधि - २०७८

कृषि व्यवसाय स्वर्गद्धारी नगरपालिको आर्थिक विकास कृयाकलापको महत्वपूर्ण अंगको रुपमा रहेको छ । यस नगरपालिकामा कृषि व्यवसायलाई थप व्यवसायिक, प्रतिस्पर्धी र प्रविधमैत्री एवं परिवर्तित वातावरणमैत्री बनाउँदै लैजान जरुरी देखिन्छ । यस नगरपालिकाबाट संचालन गरिने कृषि विकास कार्यक्रमहरुलाई प्रभावकारी, पारदर्शी, जवाफदेही, उत्तरदायी एवं गुणस्तरयुक्त कृषकहरु कृषि पेशा प्रति विश्वनियता बढाउन र कार्यान्वयन गर्न स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) को व्यवस्था अनुसार " बँदेल/बाढी/पहिरोले क्षति/प्रभावित कृषकहरुलाई राहत कार्यक्रम- २०७८" जारी गरेको छ ।

## परिच्छेद १

### प्रारम्भिक

१. संक्षिप्त नाम र पारम्भ

क) यो कार्यविधिको नाम "बँदेल/बाढी/पहिरोले क्षति/प्रभावित कृषकहरुलाई राहत कार्यक्रम- २०७८ रहनेछ ।

ख) यो कार्यविधि स्वर्गद्धारी नगरपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) नगरपालिका भन्नाले स्गर्गद्धारी नगरपालिका सम्झनुपर्दछ ।

ख) कृषि विकास शाखा भन्नाले स्वर्गद्धारी नगरपालिकाको कृषि विकास शाखा सम्झनुपर्दछ ।

ग) कार्यक्रम भन्नाले स्वर्गद्धारी नगरपालिकाको बँदेल/बाढी/पहिरोले क्षति/प्रभावित कृषकहरुलाई राहत कार्यक्रम सम्झनुपर्दछ ।

घ) सेवा भन्नाले कृषि विकास सेवा सम्झनुपर्दछ ।

ङ) समूह भन्नाले स्वर्गद्धारी नगरपालिका भित्रका तथा साझेदारी स्वामित्वमा रहि नेपाल सरकारको कुनै पनि आधिकारिक निकायमा विधिवत रुपमा दर्ता भएको कृषि कार्यमा संलग्न सकृय कृषक समूह सम्झनुपर्दछ ।

च ) सहकारी भन्नाले स्वर्गद्धारी नगरपालिका भित्रका तथा साविकमा डिभिजन सहकारी कार्यालयमा हाल स्वर्गद्धारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा विधिवत रुपमा दर्ता भएकाव सकृय कृषि सहकारी सम्झनुपर्दछ ।

छ) फर्म भन्नाले स्वर्गद्धारी नगरपालिका भित्रका तथा एकल वा साझेदारी स्वामित्वमा रहि नेपाल सरकारको कुनै पनि आधिकारिक निकायमा विधिवत रुपमा दर्ता भएको कृषि कार्यमा संलग्न सकृय कृषि फर्म सम्नुपर्दछ .।

ज) कार्यदल भन्नाले गाउँपालिकामा गठित कार्यदल सम्झनुपर्दछ ।

झ) कार्यालय भन्नाले स्वर्गद्धारी नगरपालिका नगर कार्यपालकाको कार्यालय सम्झनुपर्दछ ।

## परिच्छेद २

### २. परिचय

विगत केहि बर्ष बँदेल तथा अन्य जंगली जनावरहरुले यस नगरपालिका भित्र खेति गरिने विभिन्न बालिहरु जस्तै धान, मकै मा ठूलो क्षति गर्दै आइरहेको छ । गत बर्ष देखि कोभिड १९ रोग महामारीका कारणले पनि देश विदेश पलायन भएका युवा जनशक्ति आफ्नो गाउँ फर्किएका छन् । देश विदेशबाट फर्किएका कृषकहरुलाई कृषि पेशा प्रति विश्वास बढाउन र क्षति भएका बालीहरुको उचित क्षतिपुर्तिको व्यवस्था भएको खण्डमा कृषि पेशामा लाग्न प्रेरित गर्न सकिन्छ । विभिन्न प्राकृतिक प्रकोपका साथै जंगली जनावरहरुले विभिन्न समयमा बालीहरुमा ठुलो क्षति गर्दा कृषकहरुले बर्षभरि खाना पुग्ने खाद्यान्न ६ महिना पनि मुस्किलले पुग्ने गरेको जनगुनासो भइरहेकोले बालिको क्षतिको प्रकृति अनुसार राहत कार्यक्रम संचालन गरि क्षति पुर्ति उपलब्ध गराइने छ ।

### २.१ उद्धेश्य

- प्रभावित भएका कृषकहरुलाई राहत दिने ।
- प्रभावित भएका कृषकहरुलाई कृषि पेशामा लाग्न प्रेरित गर्ने ।
- प्रभावित भएका कृषकहरुलाई उचित क्षति पुर्ति उपलब्ध गराउने ।
- कृषकहरुलाई कृषि पेशा प्रति विश्वनियता बढाउने ।

## परिच्छेद ३

### ३. अनुगमन मुल्याङ्कन समिति

राहत वितरण कार्यक्रम संचालन गर्न कृषि विकास शाखाबाट पेश भएको अनुगमन प्रतिवेदन मुल्याङ्कन गर्ने देहाय बमोजिमको मुल्याङ्कन समिति रहनेछ । मुल्याङ्कन समितिले पेश गरेको सिफारिस अनुसार कृषकहरुलाई राहत रकम उपलब्ध गराइनेछ ।

| | |
|---|---|
| नगरपालिका प्रमुख | संयोजक |
| प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| आर्थिक विकास समिति | सदस्य |
| योजना प्रमुख | सदस्य |
| लेखा प्रमुख | सदस्य |
| पशु सेवा शाखा | सदस्य |
| कृषि विकास शाखा | सदस्य सचिव |

सम्बन्धित सरोकारवालाहरुलाई बढीमा २ जना आमन्त्रित गर्न सकिनेछ ।

**कार्यक्रम संचालन पकृया/मापदण्ड/कार्याविधि**

- नगरपालिका वा कृषि शाखाबाट बजेट विनियोजन भएको नभएको खण्डमा बजेट प्रस्ताव गर्नेछ ।
- राहत कार्यक्रमका लागि कृषकहरुबाट क्षति भएको विवरण सहित निवेदन, नागरिकताको प्रतिलिपी, लालपुर्जा र सम्बन्धित वार्ड कार्यालयको सिफारिस सहित आवेदन पेश भएको हुनुपर्नेछ ।
- कृषक राहत कार्यक्रममा समावेस हुन कम्तिमा पनि ०.५ देखि १ रोपनी बाली क्षति भएको हुनुपर्नेछ ।
- व्यवसायिक रुपमा खेती गरेको हुनुपर्नेछ ।
- निरन्तर २ बर्ष देखि व्यवसायिक खेती गरेको हुनुपर्नेछ ।
- क्षति भएको बालीको मुल्याङ्कनको आधारमा राहत रकम उपलब्ध गराईनेछ ।
- राहत रकम बैंक खाता मार्फत उपलब्ध गराइनेछ ।
- अनुगमन कृषि शाखाबाट हुनेछ ।
- कृषि शाखाले तयार गरेको अनुगमन प्रतिवेदन अनुगमन मुल्याङ्कन समितिमा पेश गर्नेछ ।

- अनुगमन मुल्याङ्कन समितिले अन्तिममा राहत कार्यक्रममा कृषकहरुलाई भुक्तानीको लागि सिफारिस गर्नेछ ।

## परिच्छेद ४

### ४. कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

- राहत कार्यक्रम संचालन गर्न अनुगमन कर्ता, अनुगमन मुल्याङ्कन समितिको वैठक व्यवस्थापन (नगरपालिकाको नियमानुसार पाउने अनुगमन भत्ता, वैठक भत्ता खाजा खर्च लगायत) का लागि रकम सोही कार्यक्रमबाट खर्च गर्न सकिनेछ ।
- अनुगमन समितिको सिफारिस अनुसार कृषि विकास शाखाबाट रकम भुक्तानीको लगि आर्थिक तथा प्रशासन शाखामा पठाइनेछ ।
- क्षति भएको बालीको प्रति हेक्टर उत्पादकत्व वा उत्पादन लगातको आधारमा जुन बढी हुन्छ सो रकमको ८० प्रतिशत रकम उपलब्ध गराउन सकिनेछ ।